# कार्यपालिका बैठक संख्या- ६

आ.व.२०८२।०८३
मिति:- २०८२।०९।१६

## निर्णयहरु

**निर्णय नं. १-** मिति २०८२।०८।१२ गतेको बैठक नं. ५ का निर्णय र सोको कार्यान्वयन उपर छलफल तथा समिक्षा गरियो।

**निर्णय नं. २-** चालु आ.व. २०८२-०८३ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनको सम्बन्धमा गाउँपालिका अन्तर्गतका विभिन्न शाखाका शाखा प्रमुखज्यूहरुबाट पेश भएको हालसम्मको प्रगति प्रतिवेदन उपर छलफल भई विनियोजित बजेट तथा कार्यक्रमको कार्यान्वयनलाई थप प्रभावकारी बनाई निर्धारित समय अगावै तोकिए बमोजिमको उद्देश्य प्राप्ति हुनेगरी मितव्ययीपूर्ण ढंगले थप गतिका साथ कार्यान्वयन गर्न सम्पूर्ण शाखा तथा वडा कार्यालयलाई निर्देशन भयो।

**निर्णय नं. ३-** लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) तर्फको **पत्थरदेइहिया स्वास्थ्य चौकी भवन निर्माण** शिर्षकमा रु. १५,००,०००।– (अक्षरेपि पन्ध्रलाख मात्र) विनियोजन भएकोमा उक्त स्वास्थ्य चौकी निर्माणका लागि भारतीय राजदुतावास, काठमाडौबाट रकम विनियोजन भएकोले उल्लिखित शिर्षकमा प्रदेश सरकारबाट विनियोजित कार्यक्रमको शिर्षक संशोधन गरी **खुरुहुरिया स्वास्थ्य चौकिमा बर्थिङ्ग सेन्टर भवन निर्माण कार्यक्रम वडा नं. ५** कायम गर्न शहरी विकास तथा खानेपानी मन्त्रालय, लुम्बिनी प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४-** USAID र विजयनगर गाउँपालिकाको साझेदारीमा आ.व. २०८१/०८२ मा संचालित कृषि कार्यक्रम अन्तर्गत विनियोजित भएको रकमको सीमा भित्र रही विभिन्न कृषि यन्त्र उपकरण तथा सामग्रीहरु खरिदका लागि ठेक्का नं. **14/NCB/GOODS/BRM/2081-082** बाट ठेक्का भई रु. ९१,०१,७००।– (अक्षरेपि एकानब्बे लाख एक हजार सात सय रुपैयाँ मात्र) भन्दा नबढ्ने गरी खरिद कार्य अगाडि बढाई नियमानुसार कार्य सम्पादन जमानत वापत रु. ९,५०,५००।– (अक्षरेपि नौ लाख पचास हजार पाँच सय रुपैयाँ मात्र) राखिएकोमा USAID मार्फत नेपालमा संचालित सम्पूर्ण कार्यक्रम स्थगित भएको सन्दर्भमा यस गाउँपालिकामा प्राप्त भएको रकमको सीमा भित्र रही तत्काल सप्लाई गर्ने र बाँकी रकम USAID बाट निकासा भएको खण्डमा मात्र सप्लाई गर्ने शर्तमा सम्झौता पश्चात कार्यादेश दिइएकोमा प्रतिवद्धता बमोजिमको रकम निकासा प्राप्त नभएको कारण दोस्रो पटकको सामाग्री खरीद गर्न नसकी जम्मा रु. ३३,२५,८१२.५०।- (अक्षरेपि तेत्तिस लाख पच्चिस हजार आठ सय बाह्र रुपैयाँ पचास पैसा मात्र) बराबरको मात्र सामाग्री खरीद भएकोले सो वापत नियमानुसार लाग्ने कार्य सम्पादन जमानत वापतको रकम रु. ३,४८,०००।– (अक्षरेपि तीन लाख अट्चालिस हजार मात्र) बाहेकको बढि हुन आउने रकम फुकुवाका लागि मिति २०८२।०८।११ गते कृषि विकास शाखाबाट पेश भए बमोजिम बढि हुन आउने कार्य सम्पादन जमानत वापतको रकम रु. ६,०२,५००।– (अक्षरेपि छ लाख दुई हजार पाँचसय रुपैयाँ मात्र) फुकुवा गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ५-** यस गाउँपालिका अन्तर्गत वडा नं. ६, बद्धौर स्थित श्री आधारभूत स्वास्थ्य सेवा अस्पताल (१५ शैया)मा मिति २०८२।०९।०९ गते नियुक्त मेडिकल अधिकृत श्री डा. महेश बाबु कलवारलाई नेपाल सरकारले तोकेको तलव स्केलका अतिरिक्त तपसिल अनुसारको शिर्षकमा तोकिए बमोजिमको थप रकम प्रोत्साहन तथा अन्य सुविधा वापत निजको मासिक तलब भुक्तानीको क्रममा बैंक खाता मार्फत् एकमुष्ट उपलब्ध गराउने र सो रकमको पुष्ट्याई कागजात पेश गर्नु नपर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिल:-**

१. रात्रिकालीन ड्युटी तथा अतिरिक्त समयमा काम गरे वापत प्रति महिना रु २९,२४२।- (अक्षरेपि उन्तिस हजार दुई सय रुपैया मात्र),
२. इन्टरनेट तथा सञ्चार सुबिधा वापत प्रति महिना रु. ४,५००।- (अक्षरेपि चार हजार पाँच सय रुपैयाँ मात्र),
३. इन्धन वापत प्रति महिना रु. ४,५००। (अक्षरेपि चार हजार पाँच सय रुपैया मात्र),
४. भान्से तथा सहयोगी प्रति महिना रु . १९,५५०।- (अक्षरेपि उन्नाइस हजार पाँच सय पचास रुपैयाँ मात्र)।

२०८२।०९।१६
हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

आ.व.२०८२।०८३
मितिः- २०८२।०९।१६

## कार्यपालिका बैठक संख्या- ६

**निर्णय नं. ६-** मिति २०८२/०५/२४ गते प्रथम पटक प्रकाशित ठेक्का नं. 04/NCB/WORKS/BRM/2082-84 (Neulagunj-Jawabairath-Praganna Tol Sadak Starunnati tatha Kalopatre dekhi Naudihawa Gobarahawa Sadak Starunnati tatha kalopatre) को लागि निर्धारित समयावधी भित्र दाखिला भएका बोलपत्रदाताहरुको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरेको परिक्षण तथा मूल्याङ्कन समितिबाट पेश भई आएको **श्री MS Developers, शिवराज न.पा. -५, कपिलवस्तुले** पेश गरेको कूल कबोल रकम भ्याट र पि.एस. सहित न्यूनतम मूल्याङ्कित भइ सारभूत रुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्रदाताले पेश गरेको प्राविधिक तथा आर्थिक प्रस्ताव भौतक पूर्वाधार विकास शाखाबाट पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७-** विजयनगर गा.पा-३, कपिलवस्तु ठेगाना भई घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा कपिलवस्तुमा मिति २०८२/०६/०२ र मिति २०८२/०६/१० मा दर्ता भएका क्रमशः श्री सन्ध्या निर्माण सेवा र श्री एस.के. कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी सर्विसले यस कार्यालयमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्तिका लागि दिएको निवेदन उपर **विजयनगर गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि**, २०८२ बमोजिम गठित जाँचबुझ समितिले जाँचबुझ गर्दा आवश्यक योग्यता भएकोले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदानका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश भए बमोजिम श्री सन्ध्या निर्माण सेवा, विजयनगर गा.पा-३, कपिलवस्तु र श्री एस.के. कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी सर्विस, विजयनगर गा.पा-३,कपिलवस्तुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ८-** बेलायत सरकारको प्राविधिक सहयोगमा संचालनमा रहेको SAMARTHA कार्यक्रम अन्तर्गत FTAE को विशेषज्ञ टोलीद्धारा गाउँपालिकासँगको सहकार्यमा तयार भई पेश भएका देहायका कार्यविधिहरु स्वीकृत गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

१. आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समिति कार्य संचालन कार्यविधी, २०८२
२. लेखा समिति कार्य संचालन सम्बन्धी कार्यविधी, २०८२

**निर्णय नं. ९-** विजयनगर गाउँपालिका र जिल्ला समन्वय समिति, कपिलवस्तुको लागत साझेदारीमा विनियोजित रु. ६० लाख रकमबाट कार्यान्वयन हुने गरी देहायानुसारका विद्यालय/मदरसामा रकम विनियोजन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

देहायः-

| क्र.सं. | विद्यालय/मदरसाको नाम | गर्ने काम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मदरसा अहिले सुन्नत फैजाने मुस्तफा, विजयनगर-५, जुगुनिया | भवन निर्माण | रु. १० लाख | |
| २ | श्री जनज्योती माध्यमिक विद्यालय, विजयनगर-४, शंकरपुर | भवन निर्माण | रु. १५ लाख | |
| ३ | श्री त्रिनेत्र माध्यमिक विद्यालय, विजयनगर-७, मधुनगर | अधुरो भवन निर्माण तथा व्यवस्थापन | रु. ५ लाख | |
| ४ | श्री मदरसा हनफिया रजविया, विजयनगर-३, पत्थरदेइया | | रु. १० लाख | |
| ५ | श्री मदरसा नैमिया अहिले सुन्नत रफिकुल उलुम, विजयनगर-३, पत्थरदेइया | | रु. ५ लाख | |
| ६ | श्री जनता आधारभूत विद्यालय, विजयनगर-३, पत्थरदेइया | | रु. ५ लाख | |
| ७ | श्री मदरसा अहले सुन्नत फैजाने नइमिया, विजयनगर-२, जलैंया | | रु. ५ लाख | |
| ८ | श्री आनन्द वाल विकास केन्द्र, विजयनगर-७, छौ अमौली | वाउण्ड्रीवाल निर्माण | रु. ५ लाख | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ६ ..........को निर्णय प्रमाणित गर्दछु

प्रशासकीय अधिकृत